कार्यविधि स्वीकृत मितिः२०७९/०५/०९

# सगरमाथा आरोहीलाई ब्याज तथा परिचयपत्र प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७९

प्रस्तावनाः सगरमाथा हिमालको सफल आरोहीलाई कदर तथा सम्मान स्वरुप नेपाल सरकारद्वारा प्रदान गरिने ब्याज तथा परिचयपत्रको दायरा, मानक एवम् प्रक्रिया निर्धारण गरी ब्याज तथा परिचयपत्र प्रदान गर्ने सम्बन्धी कार्यलाई पारदर्शी तथा व्यवस्थित बनाउन वाञ्छनीय भएकाले,

पर्वतारोहण सम्बन्धी नियमावली, २०५९ को दफा ३३ को प्रमाणपत्र दिने सम्बन्धी कार्यलाई थप व्यवस्थित बनाउनका लागि नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः(१) यो कार्यविधिको नाम **"सगरमाथा आरोहीलाई ब्याज तथा परिचयपत्र प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७९"** रहेको छ।

(२) यो कार्यविधि नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषाःविषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "निवेदक" भन्नाले पर्यटन विभागबाट सगरमाथा हिमाल आरोहण प्रमाणपत्र प्राप्त गरी ब्याज तथा परिचयपत्रका लागि विभाग समक्ष निवेदन पेश गर्ने सफल आरोही सम्झनुपर्छ।

(ख) "नियमावली" भन्नाले पर्वतारोहण सम्बन्धी नियमावली,२०५९ सम्झनुपर्छ।

(ग) "परिचयपत्र" भन्नाले सगरमाथा हिमालको सफल आरोहण गर्ने आरोहीलाई सम्मान स्वरुप विभागबाट दिइने पहिचानपत्रलाई जनाउँछ।

(घ) "ब्याज" भन्नाले सगरमाथा हिमालको सफल आरोहण गर्ने आरोहीलाई सम्मानको रुपमा दिइने विशेष प्रकारको गोलाकार वस्तु जनाउँछ।

(ङ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई जनाउँछ।

(च) "विभाग" भन्नाले पर्यटन विभागलाई जनाउँछ।



सुरेश अधिकारी
सचिव

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं

३. <u>ब्याज तथा परिचयपत्र प्रदान गर्न सक्नेः</u> (१) नियमानुसार आरोहण अनुमति लिई सगरमाथा आरोहण सफलतापूर्वक सम्पन्न गरेपश्चात् ब्याज तथा परिचयपत्रका लागि अनुसूची-१ को ढाँचामा निवेदक स्वयंले विभाग समक्ष निवेदन पेश गर्नु पर्नेछ।

तर यस कार्यविधिको दफा (४) बमोजिमका आधारहरु पूरा गरेको आरोहीले ब्याज तथा परिचयपत्र प्राप्त गर्न विभागको ईमेल मार्फत निवेदन दिन सक्नेछ।

(२) विभाग समक्ष पेश गरिएको निवेदनको आवश्यक कारवाही पश्चात् निवेदकलाई सम्मान स्वरुप विभागले ब्याज तथा परिचयपत्र प्रदान गर्न सक्नेछ।

(३) जुनसुकै माध्यमबाट निवेदन पेश गरेको भएता पनि ब्याज तथा परिचयपत्र प्राप्त गर्न निवेदक स्वयं विभागमा उपस्थित हुनु पर्नेछ।

(४) विभागबाट प्रदान गरिने ब्याज तथा परिचयपत्रको नमूना क्रमशः अनुसूची-३ र अनुसूची-४ मा उल्लेख भए बमोजिम हुनेछ।

(५) उपदफा (२) बमोजिम प्रदान गरिने ब्याज तथा परिचयपत्रको अभिलेख विभागमा रहनेछ। सो विवरण विभागबाट प्रत्येक वर्ष प्रकाशन हुने Facts and Figures पुस्तकमा समावेश गरिनेछ।

(६) ब्याज तथा परिचयपत्र प्राप्त गरेको आधारमा अन्य कुनै किसिमको सेवा, सहुलियत, सुविधा, छुट दावी गर्न पाइनेछैन।

(७) ब्याज तथा परिचयपत्र प्राप्त गरेको आधारबाट कुनै किसिमको सेवा, सहुलियत, सुविधा वा छुट दावी गरेमा वा अनधिकृत रुपमा प्रयोग गरेमा यसको दुरुपयोग मानिनेछ।

(८) यस्तो प्रकृतिको ब्याज तथा परिचयपत्रले राज्यको हिमाल आरोहण बाहेक अन्य कुनै पनि पहिचानका आधारलाई जनाउने छैन।

(९) आरोहीले ब्याज तथा परिचयपत्र हराएमा पुनः प्रदान गरिने छैन। तर विभागले तोकेको शुल्क भुक्तानी गरी निवेदकले ब्याज तथा परिचयपत्र प्राप्त गर्न सक्नेछ।

४. <u>ब्याज तथा परिचयपत्र दिइने आधारहरुः</u> (१) ब्याज तथा परिचयपत्र दिइने आधारहरु देहाय बमोजिम रहनेछन्:-

(क) पर्यटन विभागबाट निवेदकले प्राप्त गरेको आरोहण प्रमाणपत्र,



सुरेश अधिकारी
सचिव

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ख) पर्वतारोहण सञ्चालन गरेको एजेन्सीको सिफारिश पत्र,

(ग) ब्याज तथा परिचयपत्र वितरण कार्यलाई नियन्त्रण गर्न मन्त्रालय तथा विभागले तोकेका अन्य आधारहरु।

५. <u>ब्याज तथा परिचयपत्रको विवरण</u>(१) आरोहीलाई प्रदान गरिने ब्याजको विवरण देहाय बमोजिम रहने छः-

(क) १.५ इन्चको गोलाकार आकारमा रहने,

(ख) ब्याजको सबैभन्दा भित्री घेराभित्र नीलो पृष्ठभूमिमा माथिल्लो भागमा सगरमाथा हिमालको आकृति र तल्लो भागमा विश्व मानचित्रको उत्तरी अक्षांशतर्फको आधा भाग झल्किने तस्वीर रहने,

(ग) दोस्रो घेराभित्र पहिलो घेराभित्रको सगरमाथाको हिमालको ठीक माथि पर्ने गरी नेपालको निशाना छाप रहने, घेराको देब्रेतर्फ अग्रेजी भाषा "EVEREST SUMMITEER" र दायाँतर्फ नेपाली भाषामा " सगरमाथा आरोही" उल्लेख हुने,

(घ) पहिलो घेराभित्रको विश्वमान चित्रको ठीक तल पर्ने गरी हिमश्रृंखलाको आकृति रहने,

(ङ) दोस्रो घेराभित्र दायाँतर्फ नेपालीमा र बायाँतर्फ अङ्ग्रेजी भाषामा सगरमाथाको उचाई (८८४८.८६मी.) रहने,

(च) बाहिरी घेराभित्र दोस्रो घेरा भित्रको नेपालको निशानाछापको ठीक माथि पर्ने गरी अंग्रेजी भाषामा " GOVERNMENT OF NEPAL" र दोस्रो घेराभित्रको हिमश्रृंखलाको ठीक तल पर्ने गरी अंग्रेजी भाषामा "MINISTRY OF CULTURE, TOURISM AND CIVIL AVIATION, DEPARTMENT OF TOURISM " उल्लेख गरिने।

(२) निवेदकलाई प्रदान गरिने परिचयपत्रको विवरण देहाय बमोजिम रहने छः-

(क) ९ से.मी. लम्बाई र ५.५ चौडाई भएको,

(ख) परिचयपत्रको अगाडि पट्टि सबैभन्दा माथिल्लो भागबाट क्रमशः १० प्वाइन्टको अक्षरमा" नेपाल सरकार, "संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय", १२ प्वाइन्टको अक्षरमा "पर्यटन विभाग" उल्लेख गरिने, बायाँतर्फ नेपालको निशाना छाप र दायाँतर्फ उपयुक्त स्थानमा आरोहीको अटो साइजको फोटो राख्ने, १४ प्वाइन्टको अक्षरमा "सगरमाथा आरोही परिचयपत्र" उल्लेख गरिने, १८ प्वाइन्टको अक्षरमा आरोहीको नाम, १६ प्वाइन्टको अक्षरमा आरोहीको देशको नाम र आरोहीको नागरिकता नं वा राहदानी नं,



सुरेश अधिकारी
सचिव

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सिंहदरबार, काठमाडौं

आरोहण गरेको मिति उल्लेख हुने, परिचयपत्रको अगाडि भागको पृष्ठभूमिमा सगरमाथाको फोटो राख्ने,

(ग) परिचयपत्रको पछाडिको भागमा १४ प्वाइन्टको अक्षरमा दायाँ पट्टि परिचयपत्र प्रमाणित गर्नेको दस्तखत र बायाँपट्टि आरोहीको दस्तखत उल्लेख हुने,

(घ) (ग) भन्दा तल परिचयपत्रको मध्यभागमा पर्ने गरी "EVEREST SUMMITEER" उल्लेख गर्ने, त्यस भन्दा तल अंग्रेजी भाषामा "Country Of Summiteers" र सो भन्दा ठीक तल "Citizenship Number/ Passport Number" उल्लेख गरिने, त्यसको ठीक तल "Date Of Summit"उल्लेख हुने,

(ङ) परिचयपत्रको अगाडि पट्टिको तल्लो भागमा १२ प्वाइन्टको अक्षरमा "यो परिचयपत्र कसैले फेला पारेमा पर्यटन विभाग वा जिल्ला प्रशासन कार्यालय वा प्रहरी कार्यालय वा नेपाली राजदुतावासमा बुझाइदिनु होला" भन्ने उल्लेख गर्ने र पछाडि पट्टिको तल्लो भागमा " If found, Please submit this card to Department of Tourism or District Administration office or Nepal Police or Embassy of Nepal" भन्ने व्यहोरा उल्लेख हुने।

६. ब्याज तथा परिचयपत्र निष्क्रिय हुने: (१) देहायका अंवस्थामा विभागबाट प्रदान गरिएको ब्याज तथा परिचयपत्र निष्क्रिय हुनेछ:-

(क) पर्वतारोहीले आरोहण गरेको तथ्य अन्यथा पुष्टि भई पर्वतारोहण गरेको प्रमाणपत्र खारेज भएमा,

(ख) ब्याज तथा परिचयपत्रको दुरुपयोग गरेको वा अनाधिकृत रुपमा ब्याज प्रयोगमा ल्याएको पाइएमा,

(ग) मन्त्रालय तथा विभागले कुनै सूचना प्रकाशन गरी ब्याज तथा परिचयपत्र प्रयोगमा रोक लगाएमा।

(२) उपदफा (१) बमोजिम ब्याज तथा परिचयपत्र निष्क्रिय भएमा सो ब्याज तथा परिचयपत्र अनिवार्य रुपमा विभागमा फिर्ता गर्नु पर्नेछ।

७. विविध: (१) प्रस्तावना र अन्य व्यवस्थाको प्रतिकूल नहुने गरी यो निर्देशिका कार्यान्वयनका लागि विभागले आवश्यक निर्णय गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्णयको जानकारी विभागले मन्त्रालय समक्ष गराउनु पर्नेछ।

सुरेश अधिकारी
सचिव

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

## अनुसूची-१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

**निवेदनको ढाँचा**

श्री...................

विषयः ब्याज तथा परिचयपत्र दिलाई पाउँ।

म, ............................................ले ........ मिति.................... मा एजेन्सी मार्फत सगरमाथा हिमालको सफल आरोहण गरी तहाँ विभागबाट मिति............ मा सगरमाथा हिमाल आरोहणको प्रमाणपत्र प्राप्त गरिसकेको छु। पर्यटन विभागबाट प्रदान गरिने ब्याज तथा परिचयपत्र प्राप्त गर्न आवश्यक कागजात सहित यो निवेदन पेश गरेको छु। मैले ब्याज तथा परिचयपत्रको दुरुपयोग हुने गरी कुनै पनि कार्य गर्ने/गराउने छैन।

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

संलग्न कागजातहरुः

१. सगरमाथा हिमाल आरोहणको प्रमाणपत्र

२. हालसालै खिचेको निवेदकको फोटो – ३ प्रति

३. सम्बन्धित एजेन्सीको सिफारिश

४. निवेदकको नागरिकता/राहदानीको प्रतिलिपि

दरखास्तवालाको:-

सही:-

नाम:-

पूरा ठेगाना:-

मिति:-

सुरेश अधिकारी
सचिव

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-२

(दफा ४ को उपदफा १ (ग) सँग सम्बन्धित)

<u>ब्याज तथा परिचयपत्र सिफारिशको ढाँचा</u>

श्री...............

<u>विषयः ब्याज तथा परिचयपत्र सिफारिश सम्बन्धमा।</u>

उपर्युक्त विषयमा श्री ........................ यस एजेन्सी मार्फत नियमानुसार मिति............ मा सगरमाथा हिमालको सफल आरोहण गरी मिति.................. मा सगरमाथा हिमाल आरोहणको प्रमाणपत्र प्राप्त गरेको हुँदा निजलाई ब्याज तथा परिचयपत्र प्रदान गर्न सिफारिश गरेको छु।

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

एजेन्सीकोः-

छापः-

नामः-

पदः-

हस्ताक्षरः-

पूरा ठेगानाः-


मितिः-

सुरेश अधिकारी
सचिव

अनुसूची-३

(दफा ३ को उपदफा (४) सँग सम्बन्धित)

ब्याजको नमूना




सुरेश अधिकारी
सचिव

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-४

(दफा ३ को उपदफा (४) सँग सम्बन्धित)

परिचयपत्रको ढाँचा

अगाडी पट्टिको भाग

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

पर्यटन विभाग

क्युआर कोड

सगरमाथा आरोही परिचयपत्र

आरोहीको फोटो

आरोहीको नाम ..............

आरोहीको देशको नाम ..............

आरोहीको नागरिकता/राहदानी नं ..............

आरोहण गरेको मिति ..............

(यो परिचयपत्र कसैले फेला पारेमा पर्यटन विभाग वा जिल्ला प्रशासन कार्यालय वा प्रहरी कार्यालय वा नेपाली राजदुतावासमा बुझाइदिनु होला)

पछाडी पट्टिको भाग

(....................) (....................)

Signature of Summiteer Name and Signature of Designated Officer

Name of Summiteer ..............

Country of Summiteer ..............

Citizenship Number/Passport Number ..............

Date of Summit ..............

(If found, please submit this card to nearest District Administration Office or Nepali Embassy.)



सुरेश अधिकारी
सचिव

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं